विधयेक संख्या :- .......

# रुन्टीगढी गाउँपालिका
## गाउँकार्यपालिंकाको कार्यालय
### झेनाम, रोल्पा
### लुम्बिनी प्रदेश

## रुन्टीगढीं गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन सम्बन्धी विधेयक, २०७८

रुन्टीगढी गाउँपालिका
रोल्पा जिल्ला
लुम्बिनी प्रदेश

Scanned with CamScanner

सभाबाट स्वीकृत मिति :-२०७८/०८/०२

# रुन्टीगढी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन २०७८

**प्रस्तावना:**

रुन्टीगढी गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम रुन्टीगटी गाउँपालिकाको गाउँकार्यपालिकाले यो ऐन तर्जुमा गरिएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**रुन्टीगढी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७८**" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको रुन्टीगढी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले रुन्टीगढी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्वन्धी कार्य सम्झनु पर्छ ।

Scanned with CamScanner

## परिच्छेद २

### स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको बर्गीकरण र न्यूनतम मापदण्डः** (१) रुन्टीगढी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुबिधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण गरी न्यूनतम मापदण्ड तोक्ने र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्ने छ।

(२) गाउँपालिका स्तरका सडकहरुको वर्गीकरणर न्यूनतम चौडाई देहाय देहाय अनुसार हुने छ।

(क) **पालिका (स्थानीय) सडक** : रुन्टीगढी गाउँपालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका तथा स्थानीय सडकको रुपमा बर्गीकरण गरिने छ। यस्ता सडकको चौडाई न्यूनतम ६ मिटर हुनु पर्ने छ।

(ख) **ग्रामीण सडकः** रुन्टीगढी गाउँपालिकाका बस्तीहरुमा यातायातको पहुँचका लागि बनाईएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गीकरण गरिने छ। यस्ता सडकहरु चार देखि पाँच मिटरसम्म चौडा हुने छन्।

(ग) **कृषि सडकः** गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन्। यस प्रकारका सडकको न्यूनतम चौडाई ४ मिटरको हुने छ।

(घ) **घोडेटो मुल बाटो** : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउँ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटोको रुपमा बर्गीकरण गरिने छ। यसको न्युनतम चौडाई २ मिटरको हुने छ।

(ङ) **गोरेटो बाटो** : मानिस र चौपाया हिड्ने बस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ किमी लम्वाईका सडकलाई गोरेटो बाटो भनिन्छ। यसको चौडाई न्यूनतम ३ फिटको हुने छ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत वढी हुने गरी निर्माण गर्नु पर्दछ।

४. **मापदण्ड निर्धारण गर्ने** : (१) गाउँ कार्यपालिकाले समय–समयमा आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुबिधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्ने छ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाईनेः** (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउँपालिकालाई हुने छ।

Scanned with CamScanner

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्ने छ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धित जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्ने छ ।

६. **सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणवाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्ने छ ।

## परिच्छेद ३

## जलस्रोतको संरक्षण र उपयोग

७. **जलश्रोतको स्वामित्व:** (१) यस गाउँपालिका क्षेत्रभर रहेको जलश्रोतको स्वामित्व नेपाल सरकारको रहने छ ।

(२) उपदफा (१) बमोजिम स्वामित्व रहेको जलश्रोतको संरक्षण र उपयोग सम्बन्धी कार्यहरु गाउँपालिकाले यसै ऐन बमोजिम गर्ने छ ।

८. **जलस्रोत उपयोग:** (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन :-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

Scanned with CamScanner

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ।

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्ने छ ।

९ **जलस्रोत उपयोगको प्राथमिकताक्रमः** (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्ने छ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ८ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने/नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्ने छ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुने छ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुने छ ।

१०. **अनुमति लिनु पर्ने :** (१) यस ऐन बमोजिम गठित स्थानीय **जलश्रोत तथा मुहान दर्ता समितिबाट** अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

Scanned with CamScanner

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न ,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायीक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण बिवरण खुलाई निवेदन दिनु पर्ने छ ।

(४) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

११. **खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन** :- (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिँचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नु पर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

१२. **जल उपभोक्ता संस्थाको गठन** : (१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि ११ जना सदस्यहरु रहन सक्ने छन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको बिवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्ने छ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारी संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुने छ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्ने छ ।

Scanned with CamScanner

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुने छ। यस संस्थाले वार्षिक लेखा परीक्षण र तिर्नु पर्ने कर फर्स्यौट गर्नु पर्ने छ। गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानूनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्ने छ।
(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्बन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्ने छ ।

१३. **ज़लस्रोतको व्यवसायीक उपयोगका लागि अनुमति लिनु पर्ने :** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले जलश्रोत समितिको सिफारिसमा गाउँपालिकाबाट अनुमति लिनु पर्ने छ।

(२) उपदफा १ बमोजिम एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ।
(क) परियोजनाको विवरण,
(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य-मुख्य संचरना समेत देखिने),
(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,
(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,
(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कूल अवधि र लागत
(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)
(३) उपदफा (२) वमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ।
(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्ने छ।
(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानून वमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्ने छ।
(६) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्ने छ।

१४. **स्थानीय जलश्रोत समितिको गठन:** (१) गाउँपालिकामा रहेको जलस्रोतको उपयोगको लागि ऐनको दफा १० को उपदफा (१) बमोजिम अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा एक स्थानीय जलस्रोत समिति रहने छ।

Scanned with CamScanner

(२) स्थानीय जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहने छन्:

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) संयोजक भई गाउँपालिकाको पूर्वाधार क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य

(च) खानेपानी तथा सिंचाई शाखा प्रमुख - सदस्य

(छ) पूर्वाधार शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार जिल्ला नापी कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) दुई वा दुई भन्दा वढी स्थानीय तहको सीमानामा पर्ने पानीका मुहानहरुको क्षेत्राधिकारमा विवाद भएमा आपसी समझदारीमा वा प्रचलित कानून बमोजिम विवाद समाधान गर्ने छ ।

१५. **स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) स्थानीय जलस्रोत समितिको वैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्ने छ ।

(२) वैठकको अध्यक्षता जलस्रोत समितिको अध्यक्षले गर्ने छ । अध्यक्षको अनुपस्थितिमा जलस्रोत समितिको सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्ने छ ।

(३) स्थानीय जलस्रोत समितिको कूल सदस्य संख्याको पचाँस प्रतिशत सदस्य उपस्थित भएमा वैठकको लागि गण पूरक संख्या पुगेको मानिने छ ।

(४) स्थानीय जलस्रोत समितिमा कुनै विषयमा छलफल भई मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरूको मतलाई स्थानीय जलस्रोत समितिको निर्णय मानिने छ ।

(५) स्थानीय जलस्रोत समितिको निर्णय स्थानीय जलस्रोत समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिने छ ।

(६) स्थानीय जलस्रोत समितिको वैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय जलस्रोत समिति आफैँले निर्धारण गरे वमोजिम हुने छ ।

Scanned with CamScanner

१६. **स्थानीय जलस्रोत समितिको संयुक्त बैठक:** (१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दा बढी स्थानीय तहहरूसँग सम्वन्धित भएमा सम्बन्धित सबै स्थानीय तहको जलस्रोत समितिहरूको संयुक्त बैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्ने छ ।

(२) उपनियम (१) बमोजिमको संयुक्त स्थानीय जलस्रोत समितिको बैठकको अध्यक्षता सम्बन्धित जलस्रोत सम्बन्धी परियोजनाको संरचना वा त्यसको मुख्य भाग जुन स्थानीय तहको जलस्रोत समितिको कार्य क्षेत्रभित्र पर्छ सोही स्थानीय जलस्रोत समितिको अध्यक्षले गर्ने छ ।

१७. **स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्ने छ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्ने छन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नु पर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको बिवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल,

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम वोर्ड गठन गर्न सक्ने छ ।

(५) वोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सँगठित संस्था हुने छ । बोर्डले खानेपानी आयोजनाको निर्माण, बिस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्ने छ ।

Scanned with CamScanner

१८. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारण:** (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्ने छ :-

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि - सदस्य

(ग) गाउँपालिकाका लेखा प्रमुख - सदस्य सचिव

१९. **दण्ड सजाय :** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने छ र त्यस्तो कसूरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत भराई दिन सक्ने छ ।

(२) कसैले यस ऐन बमोजिम अनुमति पत्र लिनु पर्नेमा सो नलिई वा अनुमति पत्रमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम वन्द गराउन सक्ने छ ।

(३) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जल स्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगरिमा वा कुनै किसिमले हानी, नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजवाट हानी नोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना वा प्रचलित कानून वमोजिमको सजाय हुन सक्ने छ ।

२०. **पुनरावेदन:** यस ऐन बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने छ ।

२१. **नियम बनाउने अधिकार:** यस ऐनको परिच्छेद ३ लाई कार्यान्वयन गर्नको लागि बेग्लै नियम, निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न गाउँ कार्यपालिकालाई अधिकार रहने छ ।

Scanned with CamScanner

## परिच्छेद ४

### भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

२२. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने:** (१) गाउँपालिका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकावाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्वन्धित गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्वन्धी निर्देशिका र नर्म्स तयार गर्ने छ ।

२३. **भवनको दर्ता** : (१) गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिने छ ।

२४. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्र पक्की भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड वमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्ने छ ।

(२) भवन निर्माण गर्दा आवासिय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन वनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटव्याक छोड्नु पर्दछ ।

२५. **बस्ती विकासको लागि अनुमति दिने:** (१) गाउँपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासको बिस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

Scanned with CamScanner

## परिच्छेद ५

### पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२६ **पूर्वाधार आयोजना तर्जुमा :** (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्ने छ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरि आयोजनाको बिवरण तयार गर्नु पर्ने छ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप,

२७. **लागत अनुमान तयार गर्नु पर्ने :** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट बिनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्ने छ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्ने छ ।

२८. **पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन :** (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिने छ :-

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै बार्ताबाट

(ख) रु. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत

(घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

२९. **उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु. पचास लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

Scanned with CamScanner

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जना सम्मको समिति गठन गरिने छ । यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनु पर्ने छ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १५% नगद लागत सहभागिता वा श्रमदान गर्नु पर्ने छ ।

(५) नगद सहभागीताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ ।

(६) उपभोक्ता समिति परिचालन सम्बन्धी व्यवस्था कार्यविधि बनाई तोक्न सकिने छ ।

३०. **पूर्वाधार मर्मत संभार कोष:** (१) गाउँपालिकाभित्र रहेका गाउँ स्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचनाहरु सडक, खानेपानी, सिंचाई आदिबाट प्राप्त रोयल्टि रकमको ३० देखि ५० प्रतिशत रकम दाखिला गरीने छ ।

(३) पूर्वाधार मर्मत सम्भार कोषको परिचालन सम्बन्धी कार्य विधिले तोके बमोजिम हुने छ ।

## परिच्छेद ६

### पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

३१. **पूर्वाधार अनुगमन समितिको गठन** : गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु मध्येबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिने छ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुने छ :

(क) गाउँपालिका उपाध्यक्ष

अध्यक्ष

(ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष

सदस्य

Scanned with CamScanner

(ग) पूर्वाधार निर्माण सम्वन्धि ज्ञान भएका विज्ञहरु मध्ये एक महिला सहित २ जना
सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख
सदस्य सचिव

३२. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

३३. **अनुगमन पश्चात निर्देशन दिन सक्ने :** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्ने छ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्था वारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुने छ।

३४. **सहमति दिनुपर्ने :** गाउँपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्ने छ।

३५. **कारबाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायी कै लापरवाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाले सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्ने छ।

३६. **कालो सूचीमा राख्ने :** (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्ने छ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिने छ।

Scanned with CamScanner

३७. **प्राविधिक मूल्यांकन गर्नु पर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरिने छ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिने छ।

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

३८. **सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनी सँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्वन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझोदारी गर्न सक्ने छ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्ने छ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष।

३९. **प्रस्ताव आव्हान गर्न सक्ने :** (१) गाउँपालिकाले पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका बिवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :-

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका बिवरण

Scanned with CamScanner

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

४०. **प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्यांकनका गराई प्रस्ताव छनोट गर्न सक्ने छ :

(क) पूर्वाधारवाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टी रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुवाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्ने छ ।

४१. **संचालन तथा व्यवस्थापन**: (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्वन्धित साझेदारको हुने छ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फवाट एक अर्कोलाई प्रस्ताव गर्नु पर्ने र आपसी समझदारीवाट बुँदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद ८

### वातावरण, भूसंरक्षण तथा वैकल्पिक उर्जा

४२. **वातावणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले १ करोड देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिका स्वयंले गर्न सक्ने छ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाव माग गर्नु पर्ने छ ।

४३. **बैकल्पिक ऊर्जालाई प्रोत्साहन**: पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्ने छ ।

(१) कुनै घरमा सोलार, वायो ग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारवाट पाउने अनुदान वा सहयोग दिईने छैन ।

Scanned with CamScanner

(२) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक बनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा ५० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

४४. **भू-क्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्ने:** (१) गाउँपालिका भित्रको भू-क्षयग्रस्त सार्वजनिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा बाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्ने छ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्‍याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्वन्धित संधियारलाई प्राथमिकता दिनु पर्ने छ ।

४५. **फोहरमैला तथा फोहरपानी व्यवस्थापन:** (१) गाउँपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा वनाउनु पर्ने छ ।

(२) गाउँपालिकाभित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका सँग समन्वय गर्न सक्ने छ ।

## परिच्छेद ९

### विविध

४६. **अन्तर स्थानीय समन्वय:** (१) एक भन्दा वढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि सम्वन्धित गाउँ कार्यपालिकावाट अनुमोदन गराई गर्नु पर्ने छ ।

४७. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुने छ ।

४८. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि वनाउन सक्ने छ ।

४९ **बचाऊ:** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ ।

Scanned with CamScanner

# अनुसूचि (१)

## दफा २ सँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, कुल कुलेसा, सिंचाई र तटबन्द सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्वन्धी

(ज) साना जलविद्युत आयोजना सम्वन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्वन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ढ) स्थानीय तटवन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ण) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(त) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्वन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

Scanned with CamScanner